गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

नेपाल नगरपालिका संघ

**मिति: २०८०।०६।१५**

**सम्माननीय प्रधानमन्त्री ज्यू,**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।**

**विषय: विद्यालय शिक्षा सम्बन्धि कानूनलाई संशोधन र एकीकरण गर्ने विधेयक २०८०" का सम्बन्धमा**

संघीय संसदमा हालै प्रवेश पाएको "विद्यालय शिक्षा सम्बन्धि कानूनलाई संशोधन र एकीकरण गर्ने विधेयक २०८०" का सम्बन्धमा स्थानीय सरकारका संघ/महासंघको तर्फबाट सम्माननीयज्यूको गम्भिर ध्यानाकर्षण गर्दछौं । उक्त विधेयकमा रहेका प्रावधानहरु संघीय प्रणालीलाई नै चुनौती दिने र स्थानीय सरकारको एकल अधिकारमा हस्तक्षेप हुनेगरी ल्याइएको हाम्रो ठहर छ।

संविधानको अनुसूची ८ स्थानीय सरकारको एकल अधिकार हो र ति अधिकारहरुको कार्यान्वयन गाउँ/नगर सभाले बनाएका कानून बमोजिम हुने संबिधानको धारा ५७ को उपधारा ४ मा स्पष्ट व्यवस्था छ। अनुसूची ८(८) मा आधारभूत र माध्यमिक शिक्षा एकल अधिकारको रुपमा रहेकाले विद्यालय शिक्षा ऐन बनाउने अधिकार स्थानीय सरकारमा निहित छ। तसर्थ संघीय सरकारले संघीय शिक्षा ऐन तर्जुमा गरी राष्ट्रिय शिक्षा नीति तथा मापदण्ड बनाउनुको साटो विद्यालय शिक्षा विधेयक ल्याउनु संवैधानिक प्रावधान बिपरित रहेको छ । स्थानीय सरकारले प्रयोग गरीरहेको माध्यमिक शिक्षासम्मको विधायिकी र कार्यकारी अभ्यासबारे सम्मानित अदालतका फैसलाहरुबाट समेत नजिर स्थापित भइसकेको स्मरण गराउन चाहन्छौ।

संविधानत: खारेज भैसकेका जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग लगायतका संरचनाहरु पुन: ब्युँताउन खोज्नु र प्रधानाध्यापकको छनौट समेत जिल्ला शिक्षा कार्यालयबाट गर्न खोज्नु संविधान बिपरित कार्य हो। राष्ट्रिय समन्वय परिषदको २०८० असार १६ गते सम्माननीय प्रधानमन्त्री ज्यूको अध्यक्षतामा बसेको पहिलो बैठकले गरेको निर्णय अनुसार "एउटै प्रकृतिको कामका लागि अलग-अलग संरचना हटाउन बनाएको कार्यदल"ले गृहकार्य गरिरहेको सन्दर्भमा खारेज भईसकेका कार्यालयहरु पुन:स्थापना गर्न खोज्नु सम्माननीय प्रधानमन्त्री एवं तहगत सरकार प्रमुखहरुले गरेको निर्णयको समेत विपरित रहेको छ।

प्रस्तावित विधयेकका कतिपय प्रावधान प्रति असहमति जनाउँदै शिक्षक महासंघको नेतृत्वमा भएको आन्दोलन र दुई चरणमा गरिएको सम्झौताका विषयमा समेत हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ। लोकतन्त्रमा ट्रेड यूनियनको भूमिका र पेशागत हक/अधिकारको सम्मान गर्दछौं तर संबिधान र तहगत सरकारमा रहेका संबैधानिक अधिकार बिपरित संबिधान र संघीयतालाई नै चुनौती दिने गरी नेपाल सरकारले गरेको सम्झौताले हामीलाई संशङ्कित बनाएको छ ।

उपरोक्त तथ्यका आधारमा संघीय तहबाट विद्यालय शिक्षा सम्बन्धि बिधेयक प्रस्ताब गर्नु नै संविधानत: स्थानीय सरकारको एकल अधिकारको हनन् हो। माध्यमिक तहसम्मको शिक्षा ऐन स्थानीय सरकारहरुबाट जारी भई लागु भईरहेको बर्तमान अवस्थामा प्रस्तुत विधेयकबाट समस्या उत्पन्न हुने र जटिलता थपिने निश्चित छ। संविधानको धारा ३०४ अनुसार संघीय संसदको पहिलो बैठक बसेको एक बर्ष पछि शिक्षा ऐन २०२८ लगायत संविधानसंग बाझिएका सम्पूर्ण ऐन नियमहरु संशोधन वा खारेजी भईसक्नु पर्ने प्रावधान छ। तसर्थ संघीय सरकारले माध्यमिक शिक्षा भन्दा माथिको प्रावधान समेटी समग्र राष्ट्रिय शिक्षा नीति तथा मापदण्ड सहितको संघीय शिक्षा ऐन अविलम्ब तर्जुमा गर्न उपयुक्त हुनेछ।

तसर्थ, संसदीय प्रकृयामा प्रवेश गरिसकेको संविधान र संघीयता बिपरित विद्यालय शिक्षालाई पुन: केन्द्रिकृत गर्ने मनसायले स्थानीय सरकारको अधिकारमा अंकुश लगाउने गरी ल्याउन खोजिएको विद्यालय शिक्षा विधेयकलाई सरकारकै प्रस्तावबाट परिमार्जन हुनेछ भन्ने अपेक्षा लिएका छौं ।

साथै, सम्माननीय प्रधानमन्त्रीज्यूको जानकारीको लागि संघ/महासंघले तयार पारेको उक्त विधेयकमा संशोधन गर्नु पर्ने दफाहरुको तर्कसङ्गत तीन महले प्रस्ताव यसैसाथ संलग्न गरिएको व्यहोरा अवगत गराउँद छौं ।

धन्यवाद !

..............................

**लक्ष्मीदेवी पाण्डे**
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल

..............................

**भिमप्रसाद ढुङ्गाना**
अध्यक्ष
नेपाल नगरपालिका संघ